# रत्ननगर नगरपालिका कार्यालय

रत्ननगर, चितवन

नेपाल

फोन: ०५६-५६०५२९, ०५६-५६०५०६

फ्याक्स: ०५६-५६०६२९, ०५६-५६२४८७


प.सं. : ०७२/०७३, सूचना

मिति : २०७३।२।१४

च.नं. : ९९९५०

विषय : लिखित परिक्षा सञ्चालन सम्वन्धी सूचना ।

प्रस्तुत विषयमा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (Local Governance and Community Development programme) अन्तर्गत यस कार्यालयमा करारमा नियुक्त हुने कार्यक्रम अधिकृत (LGCDP Focal person) तथा इन्जिनियर पदको लागि निम्न मिति, समय र स्थानमा लिखित परिक्षा हुने भएकोले सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएकोछ ।

साथै उक्त पदहरुको लागि निर्धारण गरिएको परिक्षा सम्वन्धी विस्तृत कार्यक्रम यस कार्यालयको सूचना पार्टी तथा Website: www.ratnanagarmun.gov.np टाँस गरिएको व्यहोरा समेत जानकारी गराईन्छ । सो पदमा आवेदन दिएका उम्मेदवारहरुले यस कार्यालयको प्रशासन शाखामा सम्पर्क गरी प्रवेश पत्र लिनु हुन समेत यसै सूचनाबाट जानकारी गराइएको छ ।

तपसिल

मिति : २०७३/३/१ र २ गते (२ गते ईन्जिनियर पदको लागि मात्र)

समय : विहान ११ वजे

स्थान : वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन

काशीराम गैरे

प्रमुख प्रशासकीय अधिकृत

रत्ननगर नगरपालिकाको कार्यालय

**नेपाल सरकार**

**संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय**

**स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP-II)**

**को तर्फबाट नगरपालिकाहरुले ईन्जिनियर पदको सेवा करारमा लिने सम्बन्धी**

# सूचना

**प्रथम पटक प्रकाशित मिति २०७२/१०/२८**

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP - II) अन्तर्गत देहायका नगरपालिकाहरुमा रहि कार्य गर्ने गरी सम्बन्धित नगरपालिकाको कार्यालयबाट प्राप्त हुने दरखास्त फाराममा उल्लेखित विवरण खुलाई देहायका पदहरुमा मिति २०७२/११/१९ सम्म दरखास्त दिन ईच्छुक उम्मेद्वारहरुलाई यो सूचना प्रकाशित गरिएको छ ।

उम्मेद्वारहरुले जुन नगरपालिकाको लागि दरखास्त दिने हो सोहि कार्यालयबाट दरखास्त फाराम लिई सोहि नगरपालिकामा नै बुझाउनु पर्नेछ । म्याद नाघि प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

| क्र.स. | सूचना | पद | आवश्यक संख्या |
|---|---|---|---|
| १. | ०४/ ०७२-०७३ | इन्जिनियर ४१ नगरपालिकाहरुमा | ४१ (नगरपालिकाहरु) अमरगढी (डडेलधुरा), दशरथचन्द (बैतडी), दिपायल सिलगढी (डोटी), गुलरिया (बर्दिया), गोरखा (गोरखा), पुतलीबजार (स्याङ्जा), तानसेन (पाल्पा), कपिलबस्तु (कपिलबस्तु), विदुर (नुवाकोट), कमलामाई (सिन्धुली), रत्ननगर (चितवन), कलैया (बारा), सिरहा (सिरहा), खांदबारी (संखुवासभा), भद्रपुर (झापा), गौरादह (झापा), लालीगुरांस (तेह्थुम), हनुमाननगर योगिनिमाई (सप्तरी), सुखिपुर (सिरहा), धनगढीमाई (सिरहा), बज्रबाराही (ललितपुर), कालिका (चितवन), राप्ती (चितवन), बरहथवा (सर्लाही), भानु (तनहुँ), आँबुखैरनी (तनहुँ), मध्यविन्दु (नवलपरासी), भृकुटी (कपिलबस्तु), भीर्कोट (स्याङ्जा), राईनास (लमजुङ्ग), करापुटार (लमजुङ्ग), मध्यनेपाल (लमजुङ्ग), भेरीमालिका (जाजरकोट), चौरजहारी (रुकुम), बागचौर (सल्यान), शुभाघाट गंगामाला (सुर्खेत), कमलबजार (अछाम), वेलडाँडी (कञ्चनपुर), बेदकोट (कञ्चनपुर), कृष्णपुर (कञ्चनपुर) र बबई (बर्दिया) नगरपालिकाहरुमा १/१ जनाका दरले |

(क) उम्मेद्वार छनौटको प्रक्रिया लिखित परिक्षा र अन्तर्वाता दुवै हुनेछ ।

(ख) **स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (Local Governance and Community Development Programme) को तर्फबाट जिल्ला विकास समिति र नगरपालिकाहरुमा करारमा नियुक्त हुने कार्यक्रम अधिकृत (LGCDP Focal Person), सामाजिक विकास अधिकृत तथा इन्जिनियर पदको छनौट सम्बन्धी कार्यविधि-२०७२** र दरखास्त फाराम www.mofald.gov.np बाट download गरि प्राप्त गर्न सकिनेछ ।

(ग) दरखास्त फाराम दस्तुर रु. १००० (एक हजार) उम्मेद्वारहरुले आफुले फाराम भर्न चाहेको नगरपालिकामा बुझाई सोको रसिद दरखास्त फारामसंग संलग्नगरि बुझाउनु पर्नेछ ।

(घ) दरखास्त फाराम बुझाउने अन्तिम म्याद मिति २०७२/११/१९ सम्म हुनेछ । म्याद समाप्त भएको भोलि पल्ट सम्बन्धित नगरपालिकाहरुले परीक्षा सम्बन्धी कार्यक्रमको सूचना प्रकाशित गर्नेछन ।

(ङ) उपर्यूक्त सूचना नं. ४ को पदको पाठ्यक्रमको हकमा कार्यविधिको दफा ५ को चौथो वुंदामा उल्लेखित व्यवस्था बमोजिम हुनेछ । साथै, सोही कार्यविधिको दफा ८ को **"योग्यताएवं छनौटका आधारहरु"** सम्बन्धी व्यवस्थामा उल्लेख गरिएका वुंदाहरुलाई समेत लिखित एवं अन्तवार्ताका क्रममा परिक्षण गर्नु पर्नेछ ।

(च) उपर्यूक्त सवै पदहरुका लागि मिति २०७२/०९/२३ मा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमबाट यस अघिनै पत्र पठाईएको हुदाँ यदी प्रक्रिया अगाडी बढाई सकेको भए सोही बमोजिम गर्ने । यदि म्याद बाँकि भएमा **स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (Local Governance and Community Development Programme) को तर्फबाट जिल्ला विकास समिति र नगरपालिकाहरुमा करारमा नियुक्त हुने कार्यक्रम अधिकृत (LGCDP Focal Person), सामाजिक विकास अधिकृत तथा इन्जिनियर पदको छनौट सम्बन्धी कार्यविधि-२०७२** को अधिनमा रही कार्य गर्ने ।

(छ) उक्त पदमा रहि कार्य गर्दा पाउने सुविधा (प्रतिमहिना रु. तीस हजारका दरले वार्षिक १३ महिना बराबरको रकम पारिश्रमिकका रुपमा उपलब्ध गराईने छ र अन्य सेवा सुविधाका हकमा सम्बन्धित कार्यालय संगको करार संझौतामा उल्लेख हुने शर्तहरु बमोजिम हुनेछ ।

(ज) उम्मेद्वारहरुले यस सम्बन्धि थप जानकारी लिन चाहेमा सम्बन्धित नगरपालिकाबाट आबश्यक जानकारी प्राप्त गर्न सक्नेछन ।

**नेपाल सरकार**

# संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

## स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP-II) को तर्फवाट जिल्ला विकास समिति र नगरपालिकाहरुले कार्यक्रम अधिकृत (LGCDP Focal Person) पदको सेवा करारमा लिने सम्वन्धी

## सूचना

**प्रथम पटक प्रकाशित मिति २०७२/१०/२८**

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP - II) अन्तर्गत देहायका जिल्ला विकास समितिको कार्यालय तथा नगरपालिकामा रहि कार्य गर्ने गरी सम्वन्धित जिल्ला विकास समितिको कार्यालय तथा नगरपालिका कार्यालयबाट प्राप्त हुने दरखास्त फाराममा उल्लेखित विवरण खुलाई देहायका पदहरुमा मिति२०७२/११/१९ गते बुधवार सम्म दरखास्त दिन ईच्छुक उम्मेद्वारहरुलाई यो सूचना प्रकाशित गरिएको छ ।

उम्मेद्वारहरुले जुन जिल्ला विकास समितिको कार्यालय वा नगरपालिकाको लागि दरखास्त दिने हो सोहि कार्यालयबाट दरखास्त फाराम लिई सोहि जिल्ला विकास समितिको कार्यालय/नगरपालिका कार्यालयमा नै बुझाउनु पर्नेछ । म्याद नाघि प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

| क्र.स. | सूचना | पद | आवश्यक संख्या |
|---|---|---|---|
| १. | ०१/०७२-०७३ | कार्यक्रम अधिकृत (LGCDP Focal Person) | ७५ (सबै जिल्ला विकास समितिहरुमा १/१ जनाका दरले) |
| २. | ०२/०७२-०७३ | कार्यक्रम अधिकृत (LGCDP Focal Person) | २१७ (सबै नगरपालिकाहरुमा १/१ जनाका दरले) |

(क) उपर्यूक्त सबै पदहरुका लागि जिल्ला विकास समिति तथा नगरपालिकाहरुले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट स्वीकृत **स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (Local Governance and Community Development Programme) को तर्फवाट जिल्ला विकास समिति र नगरपालिकाहरुमा करारमा नियुक्त हुने कार्यक्रम अधिकृत (LGCDP Focal Person), सामाजिक विकास अधिकृत तथा इन्जिनियर पदको छनौट सम्वन्धी कार्य विधि -२०७२** को अधिनमा रहि उम्मेद्वारहरुको छनौट गर्नुपर्नेछ ।

(ख) उम्मेद्वार छनौटको प्रक्रिया लिखित परिक्षा र अन्तर्वाता दुवै हुनेछ ।

(ग) **स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (Local Governance and Community Development Programme) को तर्फवाट जिल्ला विकास समिति र नगरपालिकाहरुमा करारमा नियुक्त हुने कार्यक्रम अधिकृत (LGCDP Focal Person), सामाजिक विकास अधिकृत तथा इन्जिनियर पदको छनौट सम्वन्धी कार्य विधि -२०७२** र दरखास्त फाराम www.mofald.gov.np वाट download गरी प्राप्त गर्न सकिनेछ ।

(घ) दरखास्त फाराम दस्तुर रु. १००० (एक हजार) उम्मेद्वारहरुले आफुले फाराम भर्न चाहेको जिल्ला विकास समिति/नगरपालिकामा बुझाई सोको रसिद दरखास्त फारामसंग संलग्न गरी बुझाउनु पर्नेछ ।

(ङ) दरखास्त फाराम बुझाउने अन्तिम म्याद मिति २०७२/११/१९/बुधबार सम्म हुनेछ । म्याद समाप्त भएको भोलिपल्ट सम्वन्धित जिल्ला बिकास समिति/नगरपालिकाले परीक्षा सम्वन्धी कार्यक्रमको सूचना प्रकाशित गर्नेछन ।

(च) उपर्यूक्त सूचना नं. १ र २ का पदको पाठ्यक्रमको हकमा कार्यविधिको दफा ५ को पांचौ बुंदामा उल्लेखित व्यवस्था बमोजिम हुनेछ । साथै, सोही कार्यविधिको दफा ८ को **"योग्यता एवं छनौटका आधारहरु"** सम्वन्धी व्यवस्थामा उल्लेख गरिएका बुंदाहरुलाई समेत लिखित एवं अन्तवार्ताका क्रममा परिक्षण गर्नुपर्नेछ ।

(छ) उक्त पदमा रहि कार्य गर्दा पाउने सुविधा - प्रतिमहिना रु. तीस हजारका दरले बार्षिक १३ महिना बराबरको रकम पारिश्रमिकका रुपमा उपलव्ध गराईने छ र अन्य सेवा सुविधाका हकमा सम्वन्धित कार्यालयसंगको करार संझौतामा उल्लेख हुने शर्तहरु वमोजिम हुनेछ ।

(ज) उम्मेद्वारहरुले यस सम्वन्धि थप जानकारी लिन चाहेमा सम्वन्धित जिल्ला विकास समिति वा नगरपालिकाहरु वाट आवश्यक जानकारी प्राप्त गर्न सक्नेछन ।

# स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम
# (Local Governance and Community Development Programme)
# को तर्फबाट जिल्ला विकास समिति र नगरपालिकाहरुमा करारमा नियुक्त हुने कार्यक्रम अधिकृत (LGCDP Focal Person), सामाजिक विकास अधिकृत तथा इन्जिनियर पदको छनौट सम्बन्धी

# कार्यविधि – २०७२

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP – II)
केन्द्रीय समन्वय ईकाई, बबरमहल
काठमाण्डौ

**कार्यविधि स्वीकृत मिति:** २०७२ माघ १८

## विषय सूची

१. पृष्ठभूमि ........................................ ३

२. कार्यविधिका उद्देश्यहरु ........................................ ३

३. कार्यविधिको औचित्य ........................................ ३

४. छनौट समिति सम्बन्धी व्यवस्था ........................................ ४

४.१ जिल्ला विकास समिति ........................................ ४

४.२ नगरपालिका ........................................ ४

५. छनौट प्रक्रिया ........................................ ५

६. छनौट प्रक्रियाको गुणस्तरकायम गर्ने र अनुगमन गर्ने सम्बन्धी व्यवस्था ........................................ ५

७. छनौट प्रक्रियाको प्रतिवेदन ........................................ ६

८. योग्यता एवं छनौटका आधारहरु ........................................ ६

अनुसूची ........................................ ७

## १. पृष्ठभूमि

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम - II (Local Governance and Community Development Programme Phase - II) को प्रभावकारीता तथा आन्तरिकीकरणको विषयलाई मध्यनजर गरि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत केन्द्रीय समन्वय इकाईले जिल्ला, नगरपालिका तथा गाविसहरुमा कार्यक्रमलाई आन्तरिकीकरण तथा थप प्रभावकारी बनाउन Programme Recruitment Facility (PRF) निर्माण गरेको थियो, जसको सुझाव अनुसार जिल्ला तथा नगरपालिकामा कार्यरत जिल्ला शासन विज्ञ तथा नगर शासन विज्ञको स्थानमा सबै जिविस तथा नगरपालिकाहरुमा कार्यक्रम अधिकृत (LGCDP Focal Person) राख्ने तथा जुन जिल्लाहरुमा सामाजिक विकास अधिकृतहरु नभएको तथा कार्यक्रम अधिकृत एक जना मात्र भएको अवस्थामा समेत १ जना सामाजिक विकास अधिकृत उपलब्ध गराउने निर्णय गरेको छ । यस्का अलावा, नगरपालिकाका सन्दर्भमा सबै नगरपालिकाहरुमा इन्जिनियर पदको आवश्यकता देखिएकोले एक/एक जना इन्जिनियर उपलब्ध गराउने निर्णय गरिएको छ । तथापि, यस भन्दा पहिले स्थानीय विकास मन्त्रालय अन्तर्गत केन्द्रिय समन्वय इकाई मार्फत प्रथम चरणमा ७२, तत्पश्चात ६१ नगरपालिकाहरुका लागि इन्जिनियर उपलब्ध गराई सकिएकाले यो कार्यविधि पछिल्लो चरणमा थप गरिएका २६ नगरपालिका, र प्रथम चरणका ५८ नगरपालिका मध्ये रिक्त रहेका १५ नगरपालिकाहरुमा इन्जिनियर पद उपलब्ध गराउनका लागि तयार पारिएको छ ।

## २. कार्यविधिका उद्देश्यहरु

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको तर्फबाट जिल्ला विकास समिति र नगरपालिकाहरुमा करारमा नियूक्त हुने कार्यक्रम अधिकृत (LGCDP Focal Person), सामाजिक विकास अधिकृत तथा इन्जिनियर पदको छनौट सम्बन्धी कार्यविधि – २०७२ का उद्देश्यहरु निम्नलिखित रहेका छन् ।

- जिल्ला विकास समिति र नगरपालिकाहरुमा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) को उद्देश्य परिपूर्तिका लागि कर्मचारी छनौट प्रक्रियामा सहजता, पारदर्शिता, विवादरहित तथा एकरुपता ल्याउने,
- सबै जिल्ला विकास समिति र नगरपालिकाहरुमा योग्य, तथा अनुभवी कर्मचारीहरुको छनौट तथा गुणस्तरियता निर्धारण गर्ने,
- विद्यमान ऐन, कानून तथा नियमहरुलाई थप सहजीकरण गर्ने ।

## ३. कार्यविधिको औचित्य

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको तर्फबाट जिल्ला विकास समिति र नगरपालिकाहरुमा करारमा नियुक्त हुने कार्यक्रम अधिकृत (LGCDP Focal Person), सामाजिक विकास अधिकृत तथा इन्जिनियर पदको छनौट सम्बन्धी कार्यविधि – २०७२ ले जिल्ला विकास समिति तथा नगरपालीकाहरुमा उपयूक्त उम्मेदवारहरुको छनौट गर्न सहयोग पुर्‍याउनेछ ।

## ४. छनौट समिति सम्वन्धी व्यवस्था

क) जिल्ला विकास समिति तथा नगरपालिकाका सम्बन्धमा ३ सदस्यीय छनौट समिति निर्माण गरिनेछ, जसको संरचना तल प्रस्तुत गरिएको छ । तथापि, कुनै जिल्ला विकास समिति तथा नगरपालिकाहरुले उम्मेद्‌वार छनौटका सिलसिलामा सम्बन्धित विषयमा विशिष्टता प्राप्त गरेका एक/एक जना विज्ञको सहयोग भने लिन सक्नेछन् ।

ख) छनौट समितिको बैठक आवश्यकता अनुसार निर्धारित मितिमा बस्नेछ। सो बैठकमा व्यक्ति तथा विशेषज्ञलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ ।

ग) बैठक सम्बन्धी अन्य कार्यविधि छनौट समितिले आफैले तोके बमोजिम हुनेछ ।

### ४.१ जिल्ला विकास समिति

जिल्ला विकास समितितर्फ कार्यक्रम अधिकृत (एलजिसिडिपी फोकल पर्सन) र सामाजिक विकास अधिकृत पदका लागि छनौट गर्न देहाय बमोजिम ३ जनाको समिति बनाईनेछ ।

अध्यक्ष - स्थानीय विकास अधिकारी

सदस्य - जिल्ला प्राविधिक कार्यालय प्रमुख वा निजले तोकेको इन्जिनियर एक जना । जिल्ला प्राविधिक कार्यालय प्रमुख वा निजले तोकेको इन्जिनियर नेपाल इन्जिनियरिङ काउन्सिलमा दर्ता भई दर्ता नम्बर लिएको हुनुपर्नेछ ।

सदस्य - सदरमुकाम स्थित नगरपालिकाका कार्यकारी अधिकृत । सदरमुकाममा नगरपालिका नरहेका जिल्लाको हकमा कुनै विषयगत कार्यालयका प्रमुख वा अधिकृत कर्मचारी (एकजना) स्थानीय विकास अधिकारीद्वारा तोक्न सकिनेछ ।

### ४.२ नगरपालिका

नगरपालिकातर्फ कार्यक्रम अधिकृत (एलजिसिडिपी फोकल पर्सन) र इन्जिनियर पदका लागि छनौट गर्न देहाय बमोजिम ३ जनाको समिति बनाईनेछ ।

अध्यक्ष - नगरपालिकाका कार्यकारी अधिकृत

सदस्य - जिल्ला विकास समितिका योजना तथा प्रशासकीय अधिकृत । योजना तथा प्रशासकीय अधिकृत नरहेको जिल्लामा भने कुनै विषयगत कार्यालयका प्रमुख वा अधिकृत कर्मचारीलाई कार्यकारी अधिकृतले प्रतिनिधि सदस्य तोक्न सक्नेछन ।

सदस्य - जिल्ला प्राविधिक कार्यालय प्रमुख वा निजले तोकेको इन्जिनियर एक जना। जिल्ला प्राविधिक कार्यालय प्रमुख वा निजले तोकेको इन्जिनियर नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भई दर्ता नम्बर लिएको हुनुपर्नेछ।

## ५. छनौट प्रक्रिया

- जिल्ला विकास समिति तथा नगरपालिकाहरुले जिल्ला विकास समिति र नगरपालिकाहरुमा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको तर्फबाट करारमा नियुक्त हुने कार्यक्रम अधिकृत (LGCDP Focal Person), सामाजिक विकास अधिकृत तथा इन्जिनियर पदको छनौट गर्दा यस कार्यविधिलाई अवलम्बन गर्नुपर्नेछ।
- कार्यक्रम अधिकृत (LGCDP Focal Person), सामाजिक विकास अधिकृत तथा इन्जिनियर पदको छनौटका लागि जिल्ला विकास समिति तथा नगरपालिकाहरु तोकी केन्द्रबाट एकमुष्ट सूचना प्रकाशन गरिनेछ। ईच्छुक उम्मेद्वारहरुले सम्बन्धित जिल्ला विकास समिति वा नगरपालिकाहरुमा दरखास्त पेश गर्नुपर्नेछ।
- जिल्ला विकास समिति तथा नगरपालिकाहरुले खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्नेछ। यसरी परीक्षा सम्पन्न गर्दा लिखित तथा अन्तर्वार्ता गरी सफल उम्मेद्वारको छनौट गर्नुपर्नेछ।
- खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति हुने जिल्ला विकास समितिको सामाजिक विकास अधिकृत र नगरपालिकाको इन्जिनियर पदका लागि तत्तत् जिल्ला विकास समिति र नगरपालिकाहरुले आफ्नो संगठनको आवश्यकता अनुसारको काम र लोक सेवा आयोगद्वारा निर्धारित पाठ्यक्रमलाई ध्यानमा राखी तयार गर्नुपर्नेछ।
- जिल्ला विकास समिति तथा नगरपालिकाहरुमा रहने कार्यक्रम अधिकृत (LGCDP Focal Person) को हकमा अनुसूचीमा संलग्न कार्यविवरण अनुसार syllabus कायम हुनेछ।
- स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको क्षेत्रीय समन्वय इकाई (Regional Coordination Units) हरुले समग्र छनौट प्रक्रियाको अनुगमन गर्नेछन्।
- छनौट प्रक्रियाका लागि जिल्ला विकास समिति तथा नगरपालिकाहरुले छनौट प्रक्रियाको कार्ययोजना अनुरुप कार्य संचालन गर्नुपर्नेछ।
- समावेशीकरण सिद्धान्तलाई विशेष प्राथमिकता दिईनेछ।

## ६. छनौट प्रक्रियाको गुणस्तरकायम गर्ने र अनुगमन गर्ने सम्बन्धी व्यवस्था

जिविस तर्फका कार्यक्रम अधिकृत (LGCDP Focal Person) तथा सामाजिक विकास अधिकृत र नगरपालिकाका कार्यक्रम अधिकृत (LGCDP Focal Person) र इन्जिनियरहरुको छनौट प्रक्रियालाई व्यवस्थित र समयसिमा भित्र सम्पन्न गर्नका लागि केन्द्रीय तहमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका तर्फबाट ३ सदस्यीय केन्द्रीय अनुगमन संयन्त्रको निर्माण गरिनेछ जसमा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमका राष्ट्रिय कार्यक्रम प्रवन्धकको अध्यक्षतामा कर्मचारी प्रशासन शाखाका उपसचिव र नगरपालिका शाखाका उपसचिवको संलगनता रहनेछ। यसकालागि कार्यक्रमको केन्द्रीय समन्वय ईकाई तथा क्षेत्रिय समन्वय इकाईका कर्मचारीहरुलाई आवश्यक जनशक्तिको रुपमा उपयोग गर्न सकिनेछ। यस्का अलावा उक्त संयन्त्रले गरेका अनुगमन सम्बन्धी

कार्यको प्रतिवेदन स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको केन्द्रीय समन्वय इकाईलाई पेश गर्नुपर्नेछ ।

## ७. छनौट प्रक्रियाको प्रतिवेदन

जिविस तर्फ कार्यक्रम अधिकृत (एलजिसिडिपी फोकल पर्सन) र सामाजिक विकास अधिकृत तथा नगरपालिका तर्फ कार्यक्रम अधिकृत (एलजिसिडिपी फोकल पर्सन) र इन्जिनियर पदको छनौट प्रकृयामा जिल्ला विकास समिति र नगरपालिकाहरुले समग्र छनौट प्रक्रियाको सुरुवात देखि उम्मेद्वार छनौट सम्मको प्रतिवेदन स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको केन्द्रीय समन्वय इकाईलाई पेश गर्नुपर्नेछ । तत्पश्चात मात्र जिल्ला विकास समिति र नगरपालिकाहरुले कार्यक्रम अधिकृत (एलजिसिडिपी फोकल पर्सन), सामाजिक विकास अधिकृत तथा इन्जिनियरहरुका लागि तलव तथा व्यवस्थापन खर्च प्राप्त गर्नेछन ।

## ८. योग्यता एवं छनौटका आधारहरु

कार्यक्रम अधिकृत (एलजिसिडिपी फोकल पर्सन) र सामाजिक विकास अधिकृत पदको योग्यता छनौटका आधारहरु :

- सामाजिक विज्ञान, व्यवस्थापन, वाणिज्य प्रशासन तथा अन्य सम्वन्धित विषयमा स्नातक डिग्री उतिर्ण गरेको,
- माईक्रोसफ्ट अफिस र अन्य कम्प्यूटर सम्वन्धी ज्ञानमा विशेष दक्षता हासिल गरेको (दुवै अंग्रेजी र नेपालीमा दक्षता प्राप्त),
- संगठनात्मक विकास, सम्वन्ध विस्तार तथा अन्तरवैयक्तिक विकास सम्वन्धी सिप तथा ज्ञान निहित भएको,
- समस्याहरुको पहिचान तथा समाधान सम्वन्धी ज्ञान प्राप्त भएको,
- गुणस्तरिय रिपोर्ट लेखन क्षमता भएको,
- जिल्ला तथा नगरपालिकाका सामाजिक, आर्थिक, वातावरणीय विषयहरुमा ज्ञान तथा अनुभव प्राप्त गरेको,
- स्थानीय स्वायत्त शासन सम्वन्धी कानूनका वारेमा ज्ञान तथा दक्षता प्राप्त गरेको,
- स्थानीय निकायहरुको भूमिका, जिम्मेवारी, चुनौति तथा मुद्दाहरुका वारेमा ज्ञान प्राप्त गरेको ।

**इन्जिनियर पदको लागि योग्यता एवं छनौटका आधारहरु (नगरपालिका तर्फ)**

- मान्यता प्राप्त विश्वविद्यालयवाट सिभिल इन्जिनियरिङ्ग विषयमा स्नातक परीक्षा उतिर्ण गरको,
- माईक्रोसफ्ट र अन्य कम्प्यूटर सम्वन्धी ज्ञानमा विशेष दक्षता हासिल गरेको (अंग्रेजी र नेपाली दुवै भाषमा दक्षता प्राप्त),
- Auto CAD, GIS, र अन्य Graphics software सम्वन्धी विशेष दख्खल भएको,
- नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भई अनुमति पत्र (Licence) प्राप्त गरेको ।

# अनूसूची

(क) स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको तर्फबाट करारमा नियुक्त हुने कार्यक्रम अधिकृत, सामाजिक विकास अधिकृत तथा ईन्जीनियर पदको छनौट गरिने जिल्ला विकास समिति र नगरपालिकाहरुको विवरण :

| क्र.स. | संस्था | पद | विज्ञापन गरिने पद संख्या |
|---|---|---|---|
| १ | जिल्ला विकास समिति | कार्यक्रम अधिकृत (LGCDP Focal Person) | ७५ जिल्ला |
| | | सामाजिक विकास अधिकृत | ९ जिल्ला विकास समिति (बझाङ्ग, बाजुरा, भक्तपुर, हुम्ला, ईलाम, ओखलढुङ्गा, पांचथर, ताप्लेजुङ्ग, र तेह्रथुम) |
| २ | नगरपालिका | कार्यक्रम अधिकृत (LGCDP Focal Person) | २१७ नगरपालिकाहरु |
| | | ईन्जीनियर | • प्रथम चरणमा घोषित ५८ नगरपालिकाहरु मध्ये १५ नगरपालिका (अमरगढी डडेल्धुरा, दसरथचन्द बैतडी, दिपायल डोटी, गुलरिया बर्दिया, गोर्खा, पुतलीबजार स्याङ्जा, तानसेन पाल्पा, कपिलवस्तु, विदुर नुवाकोट, कमलामाइ सिन्धुली, रत्ननगर चितवन, कलैया बारा, सिरहा, खांदवारी संखुवासभा, र भद्रपुर झापा)<br>• पछिल्लो चरणमा घोषित २६ नगरपालिकाहरु (गौरादह झापा, लालीगुरांस तेह्रथुम, हनुमाननगर योगिनिमाई सप्तरी, सुखिपुर सिरहा, धनगढीमाई सिरहा, बज्रबाराही ललितपुर, कालिका चितवन, राप्ती चितवन, बरहथवा सर्लाही, भानु तनहुँ, आंबुखैरनी तनहुँ, मध्यविन्दु नवलपरासी, भृकुटी कपिलवस्तु, भीरकोट स्याङ्जा, राईनास लमजुङ्ग, करापुटार लमजुङ्ग, मध्यनेपाल लमजुङ्ग, भेरीमालिका जाजरकोट, चौरजहारी रुकुम, बागचौर सल्यान, शुभाघाट गंगामाला सुर्खेत, कमलबजार अछाम, वेलडाँडी कञ्चनपुर, वेदकोट कञ्चनपुर, कृष्णपुर कञ्चनपुर, र बबई बर्दिया |
| जम्मा | | | ३४२ |

## (ख) जिविसको कार्यक्रम अधिकृत (LGCDP Focal Person) को कार्यविवरण

Programme Officers (LGCDP focal person) will be responsible to plan, implement, and monitor the LGCDP activities at the DDC in close coordination to Regional Coordination Unit (RCU). The candidates should follow the following specific ToR.

- Assist the DDC to carry out participatory planning process by mobilizing Ward Citizen Forums;
- Provide technical support to the DDC board in prioritization of project proposals during the annual planning process;
- Provide support Citizen Awareness Centers (CAC) as and when required;
- Assist the DDC for coordination and linkage with line agencies and other stakeholders;
- Assist the DDC to prepare annual work plan and to prepare Project Funding Matrix;
- Assist the DDC and VDCs to prepare monitoring and evaluation plans and to timely inform concerned authorities to correct any misappropriations, mistakes and weaknesses;
- Assist the DDC to conduct periodic reviews, public hearings and public/social audit;
- Assist the DDC in preparing statuary reports and to publish these as required;
- Assist the DDC in improving compliance to vital registration and social security guidelines;
- Report any observation of financial irregularities to the LDO ;
- Assist the DDC in implementing community mediation;
- Provide support to compile the data from VDCs, and DDC and prepare trimester and annual progress reports and submit to the PCU regularly through the Regional Coordination Unit;
- Assist the DDC to institutionalize cross-cutting issues such as GESI, CFLG and EFLG;
- Support the DDC to conduct IEE, EIA and other environmental safeguards;
- Assist the DDC in facilitating civil society compliance monitoring activities such public audit, social audit and public hearing;
- Monitor social mobilization activities in VDCs and promote harmonization with other social mobilization in the district;
- Assist the DDC to implement Fiduciary Risk Reduction Action Plan;
- Assist the DDC to introduce and implement web-based reporting and results based monitoring system including DPMAS;
- Support to central and regional monitoring team for monitoring and evaluation action;
- Assist RCU in identifying DDC and VDC capacity gaps on the basis of MCPM assessment results;
- Facilitate DDC and VDCs to secure required result of MCPM and assist to address the gap, which were identified by previous MCPM result;
- Assist the RCU in drawing up regional capacity development plans for local bodies;
- Facilitate and coordinate capacity development activities at the local level;
- Work with RCU in close coordination with and provide assistance to RCU experts as and when needed.

## (ग) नगरपालिकाका कार्यक्रम अधिकृत (LGCDP Focal Person) को कार्यविवरण

Programme Officers (LGCDP focal person) will be responsible to plan, implement, and monitor the LGCDP activities at the municipality in close coordination to Regional Coordination Unit (RCU). The candidates should follow the following specific ToR.

- Should work as LGCDP focal person under this responsibility;
- Provide support on economic mobilization aligning with transformational social mobilization approach;
- Facilitate to social mobilization activities and enterprise development activities;
- Maintain coordination in LGCDP activities and be responsible for planning, coordinating and managing the Municipal infrastructures and socio economic projects;
- Coordinate with various Municipal development stakeholders and harmonize with programme and activities;
- Facilitate other programmes and projects to implement their programmes and area coverages,
- Support Municipality to formulate various policies and programmes;
- Support Municipality to institutionalize the Participatory Bottom up Planning and monitoring process;
- Provide support to Executive Officer to formulate and execute the development programmes;
- Assist Municipality team to identify the projects, integrate social aspect on project components;
- Facilitate Municipality to formulate comprehensive and land use plan, and update MTMP;
- Support Municipality to formulate the CD Plan, Disaster Risk Reduction Plan, GESI guideline, CFLG and EFLG plans;
- Support LBs to conduct IEE, EIA and other environmental safeguards;
- Strengthen Financial Supervision and Monitoring Committee and support to increase internal revenue of Municipality;
- Support to strengthen and institutionalize Municipal taxation system;
- Facilitate to conduct regular public hearing, public audit, and social audit of the project and programmes;
- Be responsible to prepare Project Funding Matrix, and preparing monthly, quarterly and annual Report;
- Facilitate and provide comments, feedbacks and inputs to the consulting firms, individuals and study groups;
- Assist RCU in identifying DDC and VDC capacity gaps on the basis of MCPM assessment results;
- Facilitate municipality to secure required result of MCPM and assist to address the gap, which were identified by previous MCPM result;
- Mobilize and manage LSPs' task;
- Assist Municipality to execute the policies, programmes and study recommendations;
- Support to central and regional monitoring team for monitoring and evaluation actions.